# स्थानीय राजपत्र

राइनास नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ४) तीनपिप्ले, लमजुङ, २०७९ साल कार्तिक २५ गते (संख्या ५)


## भाग २

## राइनास नगरपालिका टोल विकास संस्था संचालन कार्यविधि, २०७९

**प्रस्तावनाः** सामुहिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रर्वद्धन गर्न शहरीक्षेत्र तथा शहरउन्मुख वस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगिको रुपमा रहने गरी तिनै सस्थाहरुबाट सेवा सुविधाको पहुँच बढाउन बान्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले

दिएको अधिकार प्रयोग गरी राइनास नगरकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "राइनास नगरपालिका टोल विकास संस्था संचालन कार्यविधि २०७९" रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः (१)** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरसभा" भन्नाले राइनास नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले राइनास नगरपालिका सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले राइनास नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "उप–प्रमुख" भन्नाले राइनास नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "स्थानीय अधिकारी" भन्नाले राइनास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा कार्यालयले तोकेको व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "संस्था" भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, विकास, पर्यावरण तथा परोपकारी कार्यहरुको विकास,प्रवर्द्धन एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको टोल विकास संस्था सम्झनुपर्छ ।

(छ) "दातृ निकाय" भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून वमोजिम सहयोग गर्ने द्धिपक्षीय तथा वहुपक्षीय विकास साझेदारलाई सम्झनु पर्दछ ।

(ज) "अन्तराष्ट्रिय गैर सरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानून वमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्दछ ।

(झ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति वा कार्य समितिलाई सम्झनुपर्छ ।

(ञ) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनुपर्नेछ ।

(ट) "टोल विकास संस्था " भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ठ) "टोल विकास संस्था कार्यसमिति" भन्नाले दफा ३ "क" बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ड) "साधारण सभा" भन्नाले टोल विकास संस्थाका प्रत्येक घरधुरीबाट प्रतिनिधित्व गर्ने साधारण सदस्य सहितको वार्षिक भेलालाई जनाउँदछ । सो शब्दले विषेश साधारण सभा र टोल भेला समेतलाई जनाउनेछ ।

(ढ) "सामुदायिक विकास अभियान" भन्नाले परिश्रम, स्वयंसेवा, सहकार्य र ईमान्दारीताका मूल्य र मान्यतामा आधारित अभियान कार्यक्रम भन्ने बुझाउछ ।

(ण) "सामाजिक समावेशीकरण" भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको पहुँच रहेको अवस्था बुझाउछ ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. उद्देश्यः** (१) टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्न अनुसार छन् ।

क) टोल वस्ती / स्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँच अभिबृद्धि गर्ने ।

ख) टोलवासीहरुमा उद्यमशीलताको विकास गराई टोल स्तरमा लघुउद्यमको सृजना, विकास र प्रवर्धन गर्ने ।

ग) टोल / वस्ती स्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने ।

घ) आर्थिक सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रकृयामा समान अवसर र अधिकार प्रदान गर्ने ।

ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरि सुशासनलाई बढवा दिने ।

च) वस्ती/टोल स्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट संचालन हुने विकास

कार्यमा सहयोग गर्ने ।

छ) टोल विकास संस्थाहरुले सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवम् मूल्याङ्कन प्रकियामा सहयोग पुर्‍याउने ।

ज) टोलमा रहेका गरीबी घर परिवारलाई नेपाल सरकारले तोकेको आधारमा वर्गीकरण गरि तिनीहरुको अभिलेख तयार गर्ने ।

झ) टोलको समग्र विकास लगायत सामुदायिक विकास अभियानका कार्यक्रम कार्यान्वयनको लागि सत्रिय हुने ।

ञ) वातावरण र सरसफाई, जलवायु अनुकूलन कार्यक्रम, बालमैत्री नगर/वडा घोषणा, प्राङ्गरिक खेती बिस्तार, नश्ल सुधार, उद्यमशीलता विकास र सुशासनका अभियान संचालन गर्ने ।

ट) टोल विकास संस्थामा रहेका सामुदायिक, सार्वजनिक स्थल, सम्पत्तिहरुको संरक्षण संर्वद्धन गर्ने ।

४. **टोल विकास संस्थाको गठनः** (१) टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछः

क) नगरपालिका क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ । सामान्यतया निश्चित भौगालिक क्षेत्रको टोलमा न्युनतम ३० घरधुरी नभए सम्म सो टोलमा टोलविकास संस्था गठन गर्न सकिने छैन तर कुनै निश्चित भौगालिक क्षेत्रको टोलमा ५० भन्दा बढी घरधुरी भएको हकमा न्यूनतम १०० घरधुरी कायम गरी बढी हुने न्युनतम घरधुरी संख्या (३०) लाई आधर मानेर मात्र अर्को टोल विकास संस्था  गठन गर्न सकिनेछ । टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्नेछ । सो सम्भव नभए कम्तिमा ८०% घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । महिला सहभागिता हुन सक्ने अवस्थामा टोल विकास संस्थामा सहभागी भएका मध्ये न्यूनतम ५०% महिला आबद्ध गराउनु पर्नेछ ।

तर वडा समितिले भौगोलिक विकटता हेरी  ३० घर भन्दा कम भएमा समेत टोल विकास संस्था गठन गर्न सिफारिस गर्न सक्नेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्था गठन गर्दा समुदायको व्यापक

भेलाबाट अध्यक्ष, उपाध्यक्ष, सचिव , सहसचिव, कोषाध्यक्ष र सदस्य गरी अधिकतम ११ सदस्यीय एक कार्य समिति गठन हुनेछ। उक्त कार्य समितिमा न्यूनतम ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ । समितिमा यथासंभव सबै वर्ग र समुदायको सामाजिक समावेशीकरण हुनेगरी प्रतिनिधित्व गराउनु पर्नेछ ।

ग) कार्य समितिका सदस्य बाहेक सम्वन्धित टोलका टोल विकास संस्थामा आबद्ध भएका सबै घरधुरी संस्थाका साधारण सदस्य हुनेछन् ।

घ) टोल विकास कार्य समितिको पदावधि २ वर्षको हुनेछ । साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट नेतृत्व परिर्वतन हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति पुनः सोही पदमा २ वर्षको अवधि व्यतित नभई निर्वाचित हुनेछैन । कार्यसमितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ङ) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्ने (अनुसूची २) मा उल्लेखित नमुना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नुपर्नेछ ।

**५. दर्ता/सूचीकृतः** (१) टोल विकास संस्थाको दर्ता /सूचीकृत देहाय बमोजिम हुनेछः

क) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई वडा समितिको सिफारिसमा नगरपालिकाले दर्ता/सूचीकृत गर्नेछ । टोल विकास संस्थालाई नगरपालिकामा दर्ता सूचीकृत गर्दा पेश गर्ने निवेदनको नमूना (अनुसूची १) मा उल्लेख गरिएको छ । टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा नगरपालिकाले (अनुसूची ४) बमोजिमको टोल विकास संस्था दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा वडा समितिको सिफारिसमा नगरपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न गर्नेछ । दर्ता खारेज भएको ३० दिन भित्र सो स्थानमा नयाँ टोल विकास संस्था गठन गर्नु पर्नेछ ।

ग) टोल विकास संस्थालाई नगरपालिकामा सूचीकृत गर्दा पेश गर्ने निवेदनको

नमूना (अनुसूची ५) मा उल्लेख गरिएको छ । टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा नगरपालिकाले (अनुसूची ६) बमोजिमको टोल विकास संस्था सूचीकरण प्रमाणपत्र प्रदान गर्नेछ ।

६. **टोल विकास संस्थाको काम कर्तव्य र अधिकारः** (१) टोल विकास संस्थाले आफनो टोल क्षेत्रको  समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछन्ः

क) टोलमा कुनै प्रकारको भेदभावको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रकृया र श्रोतमा समान अधिकार प्रदान गर्ने ।

ख विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरि टोलको विकासको लागि सहजीकरण गर्ने ।

ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

घ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम सदुपयोग गर्ने ।

ङ) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताका आधारमा टोल विकास योजना तर्जुमा गर्ने ।

च) पूर्ण सरसफाई उन्मुख अवस्था, एच.आई.भि/एड्स, अन्धविश्वास, बालविवाह, बहुविवाह, मध्यपान, धुम्रपान जस्ता सामाजिक समस्याको पहिचान गरि सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

छ) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अध्यावधिक गर्न सूचना अभिलेख गर्ने ।

ज) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

झ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण श्रृजना गर्ने ।

ञ) आफनो वडा तथा टोललाई सामुदायिक विकास अभियानसंग सम्बन्धित स्वास्थ्य तथा वातावरणमैत्री, बालमैत्री, प्राङ्गारिक खेती विस्तार, नश्ल सुधार, उद्यमशीलता बनाउने कार्यक्रमहरु संचालन गर्ने ।

ट) टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

ठ) टोलमा रहेका सार्वजनिक, ऐलानी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।

ड) नगरपालिकाको राजश्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

ढ) आपसमा सामुहिक बचत संकलन गरी सहुलियतरुपले कर्जा प्रवाह गर्ने ।

ण) टोल भित्र लैङ्गिक हिंसा, बालश्रम, शोषण, सडक अतिक्रमण रोक्ने र कुनैपनि विपद्को अवस्थामा आपसी सहयोग र समन्वय गर्ने ।

त) टोल बिकास संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने । लेखा राख्ने र लेखा परीक्षण गराउने ।

थ) नगरपालिकासँग भएको साझेदारी अनुसार अन्य कार्य गर्ने ।

**७. टोल विकास कार्य समितिको वैठकः** (१) टोल विकास कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछः

क) टोल विकास संस्थाका सदस्यहरुको हित एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

ख) वैठकमा आवश्यक्ता अनुसार सरोकारवालालाई आमन्त्रित गर्न सकिनेछ ।

ग) सचिवले संस्थाको वैठकको निर्णयहरु वैठक पुस्तिकामा लेखि प्रमाणित गराउनु पर्नेछ ।

घ) टोलभेला वा साधारण सभा वा विषेश साधारण सभा संचालन गर्दा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाई उपस्थितिमा प्रमाणित भएको हुनपर्नेछ ।

**८. आर्थिक व्यवस्थापनः** (१) संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखा परीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछः

**१) टोल विकास संस्थाको आम्दानीः**

क) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

ख) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने

आम्दानी।

ग) टोल विकास संस्थाको नाफाबाट प्राप्त समितिको निर्णयानुसार प्राप्त हुने रकम।

घ) संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम।

**२) खर्च प्रणाली:**

क) संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रकम संस्थाको निर्णय अनुसार खर्च हुनेछ।

ख) संस्थाको संचालन, व्यवस्थापन र लेखा परीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति अनुसार खर्च हुनेछ।

**३) बचत:**

क) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको बचत मानिनेछ।

ख) बचतको कम्तिमा २ प्रतिशत रकम टोलको पूर्वाधार र सामाजिक क्षेत्रको विकासका लागि खर्च गर्नु पर्नेछ।

**४) लेखा व्यवस्थापन:** संस्थाको लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछः

क) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण संस्थाको संचालन तथा व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ।

ख) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ।

ग) हरेक ३ महिनामा टोल बिकास संस्थाको कोषाध्यक्षले आयव्ययको समीक्षा प्रतिवेदन पेश गर्नुपर्नेछ।

घ) लेखा परीक्षण गराउनु अघि अनिवार्य सामाजिक परीक्षण गराउनु पर्नेछ।

**५) लेखा परीक्षण:** संस्थाको लेखा परीक्षण देहाय बमोजिम हुनेछ।

क) संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ।

ख) संस्थाले आफनो वार्षिक लेखा परीक्षणको प्रतिवेदन नगरपालिकामा समेत पेश गर्नुपर्नेछ।

**९. अनुगमन तथा मूल्यांकनः**

क) वडा समितिले आफ्नो क्षेत्र भित्रका टोल विकास संस्थाको नियमित रुपमा अनुगमन गरी प्राप्त कमी कमजोरीहरुको सुधारका लागि सुझावहरु दिन सक्नेछ।

ख) नगरपालिकाले समग्र नगर क्षेत्र भित्रको टोल विकास संस्थाहरुको आवश्यकता अनुसार अनुगमन गर्नुका साथै वडा समिति वा टोल विकास संस्थाहरुलाई पृष्ठपोषण गर्न सक्नेछ।

ग) नगरपालिकाले खटाएको व्यक्तिले जुनसुकै बखत आयव्यायको जाँच गर्न सक्नेछ। त्यस्तो जाँचपास गर्दा सहयोग गर्नु संस्थाको कर्तब्य हुनेछ।

घ) समुदायको विकासमा उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थाका व्यक्ति वा संस्था आदिलाई वडा समिति वा नगरपालिकाले सम्मान एवं पुरस्कृत गर्न सकिनेछ।

**१०. विविधः** टोल बिकास संस्थाको काम कर्तव्य अधिकार, गठन र विगठन, कार्यसमितिको गठन, काम कर्तव्य अधिकार नमुना विधानमा उल्लेख भए बमोजिम समेत हुनेछ।

**११. संसोधनः** यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार नगर कार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ।

**१२. बचाउ तथा खारेजीः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

## अनुसूची–१

(नियम ५ को उपनियम (क) सँग सम्बन्धित)

**निवेदन पत्रको ढाँचा**

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
राइनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
तीनपिप्ले, लमजुङ।

**विषय : टोल बिकास संस्था दर्ता गरिपाउँ।**

हामीले .......................सम्बन्धी टोल बिकास संस्था दर्ता गर्न चाहेकाले राइनास नगरपालिकाको टोल बिकास संस्था संचालन कार्यविधि, २०७९ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौ। प्रस्तावित संस्थाको विधानको दुई प्रति यसैसाथ संलग्न गरिएको छ।

**विवरण:**

१. टोल बिकास संस्थाको नाम :

२. टोल बिकास संस्थाको उद्देश्यहरु :

(क)

(ख)

..............................

३. टोल बिकास संस्थाको कार्यक्षेत्र :

४. कार्य समिति तथा प्रबन्ध समितिका सदस्यहरुको :

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

५. आर्थिक श्रोत/बजेट :

६. टोल बिकास संस्थाको कार्यालयको ठेगाना :

७. सम्पर्क व्यक्तिको नाम र सम्पर्क न.:

..........................
निवेदक

## अनुसूची–२

(नियम ४ को उपनियम (ङ) सँग सम्बन्धित)

## विधानको ढाँचा

श्री ..............................................को

## विधान

प्रस्तावना

(टोल बिकास संस्थाको स्थापना गर्नुको कारण सहित पृष्ठभूमि लेख्ने।)

## परिच्छेद–१

## प्रारम्भ

१. **टोल बिकास संस्थाको नामः** यस टोल बिकास संस्थाको नाम .................. .............. हुनेछ।

क) टोल बिकास संस्थाको कार्यालय रहने ठगोना: यस टोल बिकास संस्थाको कार्यालय जिल्ला लमजुङ, राइनास नगरपालिका वडा नं. ............. टोल........... मा रहने छ।

ख) टोल बिकास संस्थाको कार्यक्षेत्र: यस टोल बिकास संस्थाको कार्यक्षेत्र स्थान .............................................. जिल्ला ..................... नगरपालिका हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) “स्थानीय अधिकारी” भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ख) “विधान” भन्नाले ..................... को विधानलाई सम्झनु पर्दछ।

(ग) “टोल बिकास संस्था” भन्नाले यस विधान बमोजिम स्थापना भएको......... लाई सम्झनु पर्दछ।

(घ) “अध्यक्ष” भन्नालेकार्य समिति वा प्रवन्ध समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) “सदस्य” भन्नाले टोल बिकास संस्थाको विधान बमोजिम सदस्यता प्राप्त

गर्ने व्यक्तिलाई सम्झनुपर्छ । सो शव्दले अध्यक्ष र उपाध्यक्षलाई समेत जनाउने छ ।

(च) "समिति" भन्नाले यस संस्थाको कार्यसमिति वा प्रवन्ध समितिलाई सम्झनु पर्छ । यो शव्दले कार्य समितिको निर्वाचन नभएसम्मका लागि तदर्थ समितिलाई समेत जनाउनेछ ।

(छ) "सचिव"भन्नाले कार्य समिति वा प्रवन्ध समितिको सचिवलाई सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले कार्य समिति वा प्रवन्ध समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह– सचिव, कोषाध्यक्ष वा अन्य तोकिएको पदाधिकारीलाई सम्झनु पर्दछ ।

(झ) "आर्थिक बर्ष" भन्नाले वर्षको श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मको १२ महिनाको अवधिलाई सम्झनु पर्छ ।

(ञ) "सभा" भन्नाले टोल बिकास संस्थाको वार्षिक साधारण सभा वा विशेष साधारण सभालाई सम्झनुपर्छ ।

(ट) "नियम/विनियम" भन्नाले यस विधान अन्तरगत बन्ने नियम/विनियमलाई जनाउँछ ।

(ठ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधानमा र विधान अन्तर्गत बनेको नियम/विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "सचिवालय" भन्नाले कार्य समितिले दैनिक कार्य सम्पादनका लागि गठन गरको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह– सचिव, कोषाध्यक्ष र सदस्यको समुहलाई जनाउँदछ ।

(ढ) "स्थानीय तह" भन्नाले राइनास नगरपालिकालाई जनाउँछ ।

(ण) "कोष" भन्नाले संस्थामा विभिन्न स्रोतबाट संकलित रकमलाई जनाउने छ ।

३. **टोल बिकास संस्थाको छाप र चिन्हः** प्रचलित कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह रहनेछ ।

## परिच्छेद – २

## उद्देश्य

४. **टोल बिकास संस्थाको उद्देश्यः** यस टोल बिकास संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) यो टोल बिकास संस्था मुनाफा रहित जनहितकारी सामाजिक संस्था हुनेछ।

(ख)

(ग)

(घ)

५. **टोल बिकास संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** यस टोल बिकास संस्थाको उपर्युक्त उद्देश्य प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ।

(क) टोल बिकास संस्थाले प्रचलित नेपालको कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र उपर्युक्त उद्देश्य कार्यान्वयन गर्नेछ।

(ख) टोल बिकास संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स, जस्ता कार्यालय सामान तथा सवारी साधन नियम अनुसार खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

(ग) टोल बिकास संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ।

(घ) टोल बिकास संस्थामा प्राप्त रकम नेपाल सरकारको मान्यता प्राप्त बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ।

(ङ) टोल बिकास संस्थालाई प्रभावकारी बनाउन अन्य आवश्यक कुराहरु गर्ने।

(च) आर्थिक पारदर्शिता कायम गर्नु पर्नेछ।

## परिच्छेद -३

## सदस्यता

६. **सदस्यताको बर्गीकरणः** यस टोल बिकास संस्थामा देहाय बमोजिमका सदस्य रहन सक्नेछन् ।

(क) संस्थापक सदस्यः टोल बिकास संस्था दर्ता गर्दा हस्ताक्षर गरेका सदस्यहरु यस टोल बिकास संस्थाका संस्थापक सदस्य रहनेछन् । संस्थापक सदस्यले पनि साधारण वा आजीवन सदस्यता प्राप्त गरेपछि मात्र साधारण सभामा भाग लिन पाउनेछन् ।

(ख) साधारण सदस्यः विधानको परिधिभित्र रही टोल बिकास संस्थाको उद्देश्य प्राप्तिमा प्रतिबद्ध भएका नेपाली नागरिकलाई कार्यसमितिको निर्णय अनुसार साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

(ग) मानार्थ सदस्यः साधारण सभाको निर्णयले संस्थामा विशेष योगदान पुर्‍याएको व्यक्तिलाई मात्र मानार्थ सदस्यता प्रदान गरिनेछ ।

(घ) आजीवन सदस्यः हाल भएका सवै सदस्य आजीवन सदस्य हुनेछन् ।

७. **सदस्यताका लागि योग्यताः** टोल बिकास संस्थाको सदस्यता प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

(क) नेपाली नागरिक मात्र टोल बिकास संस्थाको सदस्य हुन सक्ने छन ।

(ख) सदस्य १६ बर्ष उमेर पुगेको हुनुपर्ने ।

(ग) नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट दोषी नभएको व्यक्ति

(घ) मानसिक सन्तुलन नगुमाएको व्यक्ति ।

८. **टोल बिकास संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्थाः** देहायको अवस्थामा कुनै व्यक्तिले टोल बिकास संस्थाको सदस्यता प्राप्त गर्न सक्ने छैन ।

(क) गैर नेपाली नागरिक ।

(ख) १६ बर्ष उमेर नपुगेको ।

(ग) मानसिक अवस्था ठीक नभएको ।

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको।

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको र भ्रष्टचारको अभियोगमा सजाय पाएको।

(च) यस विधान बमोजिमका सदस्य विरुद्ध अबिश्वासका प्रस्ताव पारित भएमा र सदस्यता नवीकरण नगराएमा।

(छ) यस विधान बमोजिम कुनै कारणले सदस्य हुन अयोग्य भएमा।

**९. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन।**

(क) नियम ६ बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा।

(ख) साधारण सभाको दुई तिहाई बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास गरेमा।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा।

(घ) टोल बिकास संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा।

(ङ) यस विधान बमोजिम टोल बिकास संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा।

(च) साधारण सभाबाट ७५% को बहुमतले संस्थाको सदस्य पदबाट हटाउन प्रस्ताव पास गरेमा।

(छ) यस विधान बमोजिम टोल बिकास संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा।

(ज) निजको मृत्यु भएमा।

(झ) टोल बिकास संस्था खारेज भएमा।

(ञ) कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि टोल बिकास संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सवुद पेस गर्ने मौका दिनुपर्दछ।

**१०. सदस्यता शुल्क र प्राप्त गर्ने विधि एवम नवीकरण सम्बन्धमा**ः टोल बिकास संस्थाको सदस्यता शुल्क  लिने तथा सदस्यता प्रदान गर्ने र नवीकरण गर्ने विधि निम्न अनुसार हुनेछ।

(क) साधारण सदस्यता शुल्क रु. ........

(ख) नवीकरण सदस्यता शुल्क रु. ....... (प्रत्येक आर्थिक वर्षकोलागि)

(ग) संस्थापक सदस्यता शुल्क लाग्ने छैन।

(घ) आजीवन सदस्यता शुल्क रु.........

(ङ) कुनै संघ, संस्थालाई समेत प्रवन्ध समितिले निर्णय गरी सदस्यता प्रदान गर्नसक्नेछ।

(च) प्रत्येक वर्षको असार मसान्त भित्र नवीकरण गरी सक्नुपर्नेछ।

(छ) उक्त म्याद भित्र नवीकरण नगर्ने सदस्यले छ महिना भित्र दोब्बर दस्तुर लिई सदस्यता नवीकरण गर्न सक्नेछ। छ महिना भित्र पनि नवीकरण नगरेमा सदस्यता स्वतः खारेज हुनेछ

## परिच्छेद – ४

## साधारण सभा, कार्य समिति र बैठक सम्बन्धी व्यवस्था

**११. साधारण सभाको गठन विधि र सभाको संचालनः**

(१) साधारण सभा संस्थाको सर्वोच्च अंग मानिने छ।

(२) टोल बिकास संस्थाको सबै प्रकारका सदस्यहरु साधारण सभाका सदस्य रहनेछन्।

(३) टोल बिकास संस्थाको साधारण सभा वर्षको १ पटक बस्ने छ। यसलाई वार्षिक साधारण सभा भनिनेछ। यसमा संस्थाको सदस्यता प्राप्त सबैव्यक्ति उपस्थित हुन सक्नेछन् मानार्थ सदस्यले पर्यवेक्षकको रुपमा मात्र भाग लिन सक्नेछ।

(४) कार्य समितिले निर्णय गरे बमोजिम वा टोल बिकास संस्थाको साधारण सदस्य संख्याको एक चौथाई (२५%) सदस्यले लिखित आवेदन कार्य समितिका अध्यक्ष समक्ष दिएमा बिशेष साधारण सभा बोलाउनु पर्नेछ।

(५) टोल बिकास संस्थाको वार्षिक साधारण सभा बस्नको लागि कम्तीमा १५ दिन आगावै र विशेष साधारण सभाको लागि ७ दिन अगावै सभा हुने स्थान, मिति र समय छलफल हुने विषय उल्लेख गरी साधारण सदस्यहरुलाई सूचना दिइनेछ यस्तो सूचना टोल बिकास संस्थाको सूचना

पाटीमा र पत्रपत्रिका मार्फत पनि प्रकाशन गर्न सकिनेछ।

(६) साधारण सभामा उपस्थित भै मतदान गर्न पाउने कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यको उपस्थिति पहिलो पटकको लागि साधारण सदस्य संख्या सभाको गणपुरक संख्या मानिनेछ।

(७) साधारण सभाको अध्यक्षता कार्य समितिका अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थित भएमा संस्थाका सदस्यहरु मध्ये सबैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(८) साधारण सभामा पेस गर्ने सवै विषयहरु प्रस्तावको रुपमा पेस गर्नुपर्नेछ।

(९) पक्ष/विपक्षमा मत संकलन गर्दा साधारणतया हात उठाई वा चिट लिएर गर्नेछ, मत बरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ, आवश्यक परेमा गोप्य मतदान गराउन सकिनेछ।

(१०) साधारण सभा वा विशेष साधारण सभा बसेको ६ महिनाभित्र पुनः बिशेष साधारण सभा बस्न सक्ने छैन।

(११) साधारण सभा तथा विशेष साधारण सभामा वस्ने मिति, समय र स्थान कार्य समितिले तोकेबमोजिम हुनेछ।

(१२) अन्य आवश्यक निर्णयहरु कार्य समितिले पेस गर्नेछ।

१२. **साधारण सभाको काम, कर्तव्य र अधिकारः** साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्य समितिले पेस गरेको योजना, कार्यक्रम र वार्षिक बजटे पारित गर्ने।

(ख) लेखापरीक्षकबाट प्राप्त भएको वार्षिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएको वेरुजु रकमहरु असुल उपर गरी फस्यौट गर्नको लागि प्रवन्ध समितिलाई निर्देशन दिने।

(ग) आगामी वर्षका लागि लेखापरीक्षकको नियुक्ति गर्ने।

(घ) टोल बिकास संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेका कार्यहरुको मूल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने।

(ङ) टोल बिकास संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको निर्वाचन विधान

बमोजिमको प्रक्रिया अन्तर्गत रही गर्ने ।

(च) कार्य समितिद्धारा पेस भएको विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्य समितिबाट टोल बिकास संस्थाको हित अनुकूल भएका काम कारबाहीको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) टोल बिकास संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेस गरेका कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

## कार्य समिति र अन्य समिति

**१३. कार्य समितिको गठन विधिः**

(१) कार्य समितिमा देहायका सदस्यहरु रहनेछन् :

(क) साधारण सभाबाट निर्वाचित एक जना अध्यक्ष

(ख) साधारण सभाबाट निर्वाचित एक जना उपाध्यक्ष

(ग) साधारण सभाबाट निर्वाचित एक जना सचिव

(घ) साधारण सभाबाट निर्वाचित एक जना सह–सचिव

(ङ) साधारण सभाबाट निर्वाचित एक जना कोषाध्यक्ष

(च) साधारण सभाबाट निर्वाचित ...... जना सदस्यहरु

(२) आवश्यकता अनुसार अन्य पदहरु समेत राख्न सकिनेछ ।

(३) टोल बिकास संस्थाको कार्य समितिमा न्युनतम ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनुपर्नेछ ।

(४) कार्य समितिका सदस्य तथा पदाधिकारीको कार्य अवधि ३ वर्षको हुनेछ ।

(५) कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधि देहायको अवस्थामा समाप्त भएको मानिनेछ ।

(क) कार्य समिति समक्ष दिएको राजीनामा स्वीकृत भएमा ।

(ख) लिखित सूचना विना लगातार तीन पटकसम्म बठैकमा अनुपस्थित रहेमा ।

(ग) टोल बिकास संस्थाको सदस्य नरहेमा ।

(घ) मृत्यु भएमा।

(६) कार्य समितिको कुनै पनि सदस्य वा पदाधिकारीको पद बीचमा रिक्त हुन आएमा बाँकी अवधिका लागि त्यस्तो रिक्त पदका लागि नयाँ सदस्य कार्य समितिले नियुक्ति गर्नेछ।

**१४. कार्य समितिको बैठक र निर्णयः**

(१) समितिको बैठक सामान्यतया महिनाको एक पटक बस्नेछ।

(२) समितिको बठैक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ र त्यस्तो बठैकको सूचना कम्तीमा सात दिन अगावै सदस्यहरुलाई लिखित रुपमा पठाउनु पर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा बठैकको गणपुरक संख्या पूरा भएको मानिनेछ तर गणपुरक संख्या नपुगी दोस्रो पटक बोलाउनु पर्ने भएमा एक तिहाई सदस्यको उपस्थित गणपुरक संख्या मानिनेछ।

(४) बठैकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको पनि अनुपस्थितिमा समितिका सदस्यहरु मध्येबाट सबै भन्दा जेष्ठ सदस्यले गर्नेछ।

(५) बठैकमा छलफल गरिने विषय र त्यसको क्रम अध्यक्षले तोकेबमोजिम सचिवद्धारा गरिने छ। कार्य समितिका कुनै सदस्यले कुनै विषयमा पेस गरेको प्रस्ताव उपर पनि छलफल गर्न सकिनेछ।

(६) बठैकमा पेस भएका विषयहरुको निर्णय सामान्यतया साधारण बहुमतको आधारमा हुनेछ। मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) कार्य समितिले आवश्यक देखेमा कुनै व्यक्तिलाई बठैकमा आमन्त्रण गर्न सक्नेछ।

(८) कार्य समितिको बैठकमा सदस्य स्वयम उपस्थित हुनु पर्नेछ।

**१५. अन्य समितिः** टोल बिकास संस्थाको उद्देश्य प्राप्तिको लागि कार्य समितिको निर्णय बमोजिम अन्य समिति गठन गरी काम, कर्तव्य र अधिकार तोक्न सकिने छ।

## परिच्छेद – ५

## कार्य समितिका पदाधिकारी र अन्य सदस्यको काम, कर्तव्य र अधिकार

१६. **कार्य समितिको काम, कर्तव्य र अधिकारः** कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) टोल बिकास संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

(ख) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) टोल बिकास संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।

(घ) साधारण सभा प्रति उत्तरदायी रहने ।

(ङ) टोल बिकास संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।

(च) टोल बिकास संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

(छ) टोल बिकास संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैक खाता खोली संचालन गर्ने ।

(ज) टोल बिकास संस्थाको कर्मचारीहरुको सेवा सर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने, गराउने ।

झ) टोल बिकास संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरिदिने ।

(ञ) टोल बिकास संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

(ट) आवश्यकता अनुसार अख्तियार प्रदान गर्ने ।

(ठ) कार्य समितिको निर्वाचन सम्बन्धी व्यवस्था मिलाउने ।

(ड) टोल बिकास संस्थालाई आवश्यक पर्ने नियम तथा विनियम बनाउने ।

(ढ) साधारण सभा बोलाउने ।

(ण) समितिका पदाधिकारीहरुको बैठक भत्ता तथा अन्य सुविधा तोक्ने ।

(त) विधानमा लेखिएका अन्य कार्य गर्ने, गराउने ।

**१७. समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः** समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) अध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) साधारण सभा एवं समितिको बठैकको अध्यक्षता गर्ने ।

(ख) सचिव तथा कोषाध्यक्षलाई आवश्यक निर्देशन दिने ।

(ग) टोल बिकास संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने ।

(घ) समितिको निर्णय कार्यान्वयन गर्ने, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने ।

(ङ) आवश्यकता अनुसार आफूमा रहेको अधिकार प्रत्यायोजन गर्ने ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) अध्यक्षको अनुपस्थितिमा बठैकको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षको कार्यमा सहयोग पुर्‍याउने ।

(ग) टोल बिकास संस्थाको हित हुने अन्य कार्य गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकारः

(क) अध्यक्षको निर्देशन अनुसार बठैक बोलाउने ।

(ख) समिति एवं सभाको सूचना दिने ।

(ग) समिति र सभाले पारित गरेको निर्णयको अभिलेख राख्ने र निर्णय कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने ।

(घ) साधारण सभामा संस्थाको वार्षिक कार्यक्रम पेस गर्ने ।

(ङ) टोल बिकास संस्थाको वार्षिक प्रगति विवरण तयार गर्ने ।

(च) समिति र सभाको निर्णय लेखबद्ध गरी दुरुस्त राख्ने ।

(छ) टोल बिकास संस्थाको उद्देश्य प्राप्तिका लागि कुनै व्यक्ति वा टोल बिकास संस्थासंग सम्पर्क राख्ने, राख्न लगाउने ।

(ज) टोल बिकास संस्थासंग सम्बन्धित कुराहरुको सम्बन्धमा कुनै अड्डा अदालतमा जाने, कानून व्यवसायीसंग सल्लाह लिने जस्ता कार्य गर्ने गराउने ।

(झ) कार्य समितिले निर्देशन गरे बमोजिम कार्य गर्ने।

(ञ) नेपाल सरकार तथा कुनैदातृ संस्थामा पेस गर्नुपर्ने प्रतिवदेन तयार गर्ने गर्न लगाउने।

(ट) टोल बिकास संस्थाको हित हुने अन्य काम गर्ने।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) टोल बिकास संस्थाको आय–व्ययको विवरण ठीक दुरुस्त राख्ने राख्न लगाउने।

(ख) वार्षिक आर्थिक प्रतिवेदन एवम आय–व्यय विवरण तयार गर्ने र कार्य समिति माफर्त साधारण सभामा पेस गर्ने।

(ग) नेपाल सरकारको कुनै निकाय वा दातृ संस्था समेतमा पेस गर्नु पर्ने आर्थिक विवरण तयार गर्ने वा गर्न लगाउने।

(घ) टोल बिकास संस्थाको आय श्रोत जुटाउन सक्रिय रही सो को लागि नेतृत्व प्रदान गर्ने।

(ङ) टोल बिकास संस्थाको लेखापरीक्षण (आन्तरिक/बाह्य) सम्बन्धी कार्यमा मद्दत गर्ने।

(च) आर्थिक कारोबारको श्रेस्ता दुरुस्त राख्ने।

(छ) टोल बिकास संस्थाको लेखा सम्बन्धी कार्यको जिम्मेवारी लिने।

(५) सह–सचिवको काम, कर्तव्य र अधिकारः

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सवै कार्यहरु नियमपूर्वक गर्ने गराउने।

(ख) समिति एवं सभाको सूचना दिने।

(ग) समिति र सभाले पारित गरेको निर्णयको अभिलेख राख्ने र निर्णय कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने।

(घ) साधारण सभामा संस्थाको वार्षिक कार्यक्रम पेस गर्ने।

(ङ) टोल बिकास संस्थाको वार्षिक प्रगति विवरण तयार गर्ने।

(च) समिति र सभाको निर्णय लिपिवद्ध गरी दुरुस्त राख्ने।

(छ) टोल बिकास संस्थाको उद्देश्य प्राप्तिका लागि कुनै व्यक्ति वा

संस्थासंग सम्पर्क राख्ने, राख्न लगाउने

(ज) टोल बिकास संस्थासँग सम्बन्धित कुराहरुका सम्बन्धमा कुनै अड्डा अदालतमा जाने, कानून व्यवसायीसँग सल्लाह लिने जस्ता कार्य गर्ने गराउने ।

(झ) कार्य समितिले निर्देशन गरे बमोजिम कार्य गर्ने ।

(ञ) नेपाल सरकार तथा कुनै दातृ संस्थामा पेस गर्नुपर्ने प्रतिवेदन तयार गर्ने गर्न लगाउने ।

(ट) टोल बिकास संस्थाको हित हुने अन्य काम गर्ने ।

(६) सदस्यको काम, कर्तव्य र अधिकारः

टोल बिकास संस्थाका सदस्यहरुले संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्न कार्य समितिले निर्देशन गरे बमोजिमका कार्य गर्नेछन् ।

## परिच्छेद – ६

१८. **टोल बिकास संस्थाको कोष (आर्थिक स्रोत) :** टोल बिकास संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहनेछन् :

(क) सदस्यता शुल्कबाट प्राप्त रकम ।

(ख) साधारण सभा वा समितिले निर्णय गरेबमोजिम प्राप्त हुने रकम ।

(ग) अन्य कुनै बैधानिक क्रियाकलापबाट संस्थाले प्राप्त गर्ने रकम ।

(घ) सरकारी वा गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम

(ङ) विदेशी सरकार, नागरिक र दातृ संस्थाबाट रकम प्राप्त गर्दा यस टोल बिकास संस्थाले नेपाल सरकारबाट स्वीकृति लिनेछ ।

१९. **चल अचल सम्पत्तिको विवरणः**

यस विधान बमोजिम प्राप्त रकम तथा संस्थाको नाउमा रहेको चल अचल जायजेथा संस्थाको सम्पत्ति हुनेछ । सम्पत्तिको परिचालन कार्य समितिले निर्णय गरे बमोजिम हुनेछ । टोल बिकास संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति खरिद विक्री गर्न सक्नेछ, टोल बिकास संस्थाले भोगचलन गरेको जग्गा संस्थाको नाममा सम्बन्धित निकायबाट दर्ता गर्नेछ ।

**२०. टोल बिकास संस्थाको कोष र खाता सञ्चालनः**

टोल बिकास संस्थाको एउटा छुट्टै कोष हुनेछ। सो कोषमा दफा १९ बमोजिम प्राप्त रकम आम्दानी जम्मा गरिनेछ। सो खाताको सञ्चालन टोल बिकास संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षको सयुंक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

**२१. टोल बिकास संस्थाको लेखा र लेखा परीक्षणः**

(१) टोल बिकास संस्थाको आय–व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ।

(२) टोल बिकास संस्थाको लेखापरीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हनेछ।

(३) लेखापरीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखापरीक्षकको नियुक्ति साधारण प्रवन्ध समितिबाट हुनेछ।

(४) टोल बिकास संस्थाको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी र सम्बन्धित निकायमा पेस गरिने छ।

## परिच्छेद – ७
## निर्वाचन

**२२. निर्वाचन सम्बन्धी व्यवस्थाः**

(क) टोल बिकास संस्थाको निर्वाचनको लागि समितिद्धारा मनोनयन गरिएका एक आयुक्त सहित अन्य २ सदस्यीय निर्वाचन आयोग गठन हुनेछ।

(ख) यो तदर्थ समिति गठन हुँदा निर्वाचन प्रक्रियाबाट गठन भएकोले ६ महिनामा साधारण सभा बोलाई यसै समितिलाई ३ वर्षको कार्यकालको लागि निरन्तरता दिइनेछ।

(ग) निर्वाचन सम्बन्धमा निर्वाचन आयोगले गरेको निर्णय नै अन्तिम हुनेछ।

(घ) निर्वाचन गोप्य मतदानद्धारा हुनेछ।

**२३. उम्मेदवार हुन योग्यताः**

यस विधानको दफा ७ को योग्यता भएको तथा दफा ८ बमोजिमको अयोग्यता

नभएको कुनै पनि व्यक्ति कार्यसमितिको सदस्य तथा पदाधिकारीको पदमा उम्मेदवार हनु सक्नेछ।

**२४. अविश्वासको प्रस्तावः**

(१) समितिका सदस्य वा पदाधिकारी उपरको अविश्वासको प्रस्ताव साधारण सभाका दुई तिहाई सदस्यहरुको बहुमतबाट पारित भएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ र अविश्वासको प्रस्ताव पेस हुँदा सम्पूर्ण सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुको हस्ताक्षर भएको प्रस्ताव समितिमा पेस गर्नु पर्नेछ।

(२) कुनै सदस्य वा पदाधिकारी उपर अभियोग लागेमा साधारण सभामा पेस हनु पूर्व निजलाई लिखित जवाफ सहितको सफाइको मौका दिइनेछ। साधारण सभाका सम्पूर्ण सदस्य टोल बिकास संस्थाको दुई तिहाई बहुमतबाट अविश्वासको प्रस्ताव पारित हुनेछ। अविश्वासको प्रस्ताव पारित भएमा अभियोग लोगको व्यक्ति स्वतः पद मुक्त हुनेछ।

**२५. विधान संशोधनः**

कूल सदस्य संख्याको २/३ साधारण सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र विधान संशोधनको लागि स्थानीय अधिकारी समक्ष पठाउनु पर्नेछ। स्थानीय अधिकारीबाट स्वीकृत भए पछि मात्र विधान संशोधन भएको मानिनेछ।

**२६. गोप्यता भङ्ग गर्न नहुनेः**

टोल बिकास संस्थाको गोप्यता भङ्ग हुने कुनै काम तथा सभा बठैकमा असभ्य एवं अश्लिल व्यवहार गरिने छैन।

**२७. राजीनामाः**

कार्य समितिका पदाधिकारीहरु एवं सदस्यहरुले आफ्नो पदबाट राजीनामा कार्यसमिति समक्ष दिन सक्नेछ। अध्यक्षले उपाध्यक्ष समक्ष र उपाध्यक्ष लगायत अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन्। सवै पदाधिकारीको राजीनामा कार्य समितिको निर्णयले मात्र स्वीकृत हुनेछ।

**२८. नियम/विनियम बनाउनेः**

टोल बिकास संस्थाको उद्देश्य कार्यान्वयन गर्न यस विधान तथा प्रचलित कानूनसँग नवाझिने गरी कार्य समितिले आवश्यक नियम/विनियम बनाई लागु गर्न सक्नेछ।

उक्त नियम विनियम नगरपालिकाको पूर्व स्वीकृती लिई कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

**२९. प्रचलित कानून बमोजिम हुनेः**

यस विधानमा जुन सुकै कुरा लेखिए तापनि प्रचलित नेपाल कानूनसँग कुनै कुरा बाँझिएमा बाझिएको हद सम्म स्वतः निस्कृय हुनेछ । टोल बिकास संस्थाको कुनै विषयमा विवाद  भएमा स्थानीय अधिकारीको निर्णय अन्तिम हुनेछ ।

**३०. टोल बिकास संस्थाको खारेजीः**

(१) साधारण सभाले आवश्यक देखेको विशेष प्रस्ताव पारित गरी टोल बिकास संस्था खारेजी गर्न सक्नेछ ।

(२) दफा ३० को उपदफा (१) बमोजिम टोल बिकास संस्था खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र टोल बिकास संस्थाको हिसाब किताव जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियुक्ति गर्न  सक्नेछन् । लिक्विडेटर लेखा परीक्षकहरुका पारिश्रमिक साधारण सभाले तोकि दिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्ति लिक्विडेटर तथा लेखापरीक्षकले टोल बिकास संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

(४) टोल बिकास संस्था खारेज भएमा संस्थाकोचल अचल सम्पत्ति नियम अनुसार हुनेछ ।

**३१. निर्देशनको पालनाः** नेपाल सरकार वा स्थानीय अधिकारीले सयम– समयमा दिएको  निर्देशनको पालना गर्नु टोल बिकास संस्थाको कर्तव्य हुनेछ ।

**३२. विविधः**

(१) यो टोल बिकास संस्था मुनाफा रहित जनकल्याकारीको रुपमा रही निम्न उद्देश्यहरु परिपूर्ति गर्नेछ ।

(२) टोल बिकास संस्थाको दफा उपदफा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्मको विषयवस्तु स्वतः निष्क्रिय हुनेछ ।

(३) टोल बिकास संस्थाको कार्यक्रम, बजेट र भएको प्रगति अनिवार्य रुपमा

साधारण सभाबाट पारित गराई स्थानीय तहमा पेश गर्नु पर्नेछ।

(४) सल्लाहकारः टोल बिकास संस्थालाई योगदान तथा सहयोग पुर्‍याउने जुन सुकै नेपाली व्यक्तिलाई पनि कार्य समितिको निर्णयले सल्लाहकारमा नियुक्ति गर्न सक्नेछ। सल्लाहकारले कार्य समितिमा आफ्नो राय सुझाव सल्लाह पेस गर्न सक्नेछ।

**३३. हामी निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भै निम्न साक्षीको रोहवरमा विधानमा सही छाप गर्दछौ।**

निम्न साक्षीहरुको नाम र दस्तखत

| क्र.सं | नाम/थर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

टोल बिकास संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामावली

| क्र.सं. | नाम/थर | पद | ठेगाना | पेसा | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

**अनुसूची–३**

**(नियम ५ को उपनियम (क) सँग सम्बन्धित)**

राइनास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तीनपिप्ले, लमजुङ

**संस्था दर्ता किताब**

श्री.........................................................लाई राइनास नगरपालिकाको टोल बिकास संस्था संचालन कार्यविधि, २०७९ को दफा ५ (क) बमोजिम ................ साल ................... महिना ...................गते मा दर्ता गरिएको छ ।

टोल बिकास संस्थाको नामः टोल बिकास संस्थाको दर्ता न.:

ठेगाना :

| सि. न. | मिति | टोल बिकास संस्थाको उद्देश्य : | टोल बिकास संस्थाको आर्थिक श्रोतः | सदस्य संख्याः | अध्यक्षको नाम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

अभिलेख तयार गर्ने रुजु गर्ने स्वीकृत गर्ने

**अनुसूची–४**

**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**

राइनास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तीनपिप्ले, लमजुङ

**(टोल बिकास संस्था दर्ता प्रमाण पत्र नमूना)**

मितिः

संस्था दर्ता प्रमाण–पत्र नं.

च.नं.

**प्रमाण–पत्र**

श्री अध्यक्ष ज्यु

..............................

तीनपिप्ले, लमजुङ।

मिति ......................को निर्णय अनुसार श्री..................................... टोल बिकास संस्था संचालन कार्यविधि,२०७९ को दफा ५ (क) बमोजिम आज मिति .................गते दर्ता गरी यो प्रमाण–पत्र दिइएको छ।

स्थानीय अधिकारीको

दस्तखतः

नाम,थरः

दर्जाः

राइनास नगरपालिका

नवीकरण

| सि.नं. | मितिः | नवीकरण बहाल रहने | मिति/अवधि | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## अनुसूची ५
## नियम ५ को उपनियम (ग) संग सम्बन्धित
## निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

**विषय : सूचीकृत सम्बन्धमा ।**

मिति ........................ मा आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश जिल्ला प्रशासन कार्यालय लमजुङमा दर्ता भई ............... सम्बन्धी काम गर्ने उद्देश्यले स्थापना गरिएको ................ टोल बिकास संस्थाले राइनास नगरपालिकाको नगर क्षेत्रमा समेत आफ्नो कार्यक्षेत्र बनाई काम गर्न चाहेकाले टोल बिकास संस्था संचालन कार्यविधि, २०७९ बमोजिम संस्था सूचीकृतका लागि देहायको विवरण खोली निवेदन गरेका छौ । टोल बिकास संस्थाको विधानको एक प्रति यसैसाथ संलग्न गरिएको छ ।

**विवरण:**

१. टोल बिकास संस्थाको नाम :
२. टोल बिकास संस्था दर्ता न.र मिति :
३. समाजकल्याण परिषदमा आवद्धता न. :
४. टोल बिकास संस्थाको उद्देश्यहरु :
   (क)
   (ख)
   (ग)
५. टोल बिकास संस्थाको कार्यक्षेत्र :
६. टोल बिकास संस्थाको कार्यप्रकृति विवरण :
७. कार्य समितिका सदस्यहरुको :

| नाम | ठेगाना | पेसा |
| --- | --- | --- |
| १. | | |
| २. | | |
| ३. | | |

८. आर्थिक श्रोत तथा बजेट विवरण :
९. टोल बिकास संस्थाको कार्यालयको ठेगाना :
१०. सम्पर्क व्यक्ति र फोन न. :

**अनुसूची–६**

**(नियम ५ को उपनियम (ग) सँग सम्बन्धित)**

राइनास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तीनपिप्ले, लमजुङ

**(टोल बिकास संस्था सूचीकरण प्रमाण पत्र नमूना)**

मितिः

संस्था दर्ता प्रमाण–पत्र नं.

च.नं.

**प्रमाण–पत्र**

श्री अध्यक्ष ज्यू

..............................

तीनपिप्ले, लमजुङ ।

मिति ......................को निर्णय अनुसार श्री..................................... टोल बिकास संस्था संचालन कार्यविधि,२०७९ को दफा ५ (ग) बमोजिम आज मिति ................ गतेसुचीकरण गरी यो प्रमाण–पत्र दिइएको छ ।

स्थानीय अधिकारीको

दस्तखतः

नाम,थरः

दर्जाः

राइनास नगरपालिका

नवीकरण

| सि. नं | मितिः | नवीकरण बहाल रहने | मिति/ अवधि | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

आज्ञाले,

गोकर्ण राज सुयल

प्रमुख प्रशासकीय अधिकृत